सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ६७ ♦ २०८२ साल कार्तिक २५ मंगलवार ♦ 11 Nov 2025♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेस प्रदेश मुख्यमन्त्री नियुक्ति विवाद

## होटलमा बनेको सरकार र सडकमा उठेको मधेश : एक दिन, दुई दृश्य







अजयकुमार साह

**कार्तिक २४ गते, बर्दिवास**

मधेश प्रदेशको राजनीतिक मञ्च सोमबार बिहानै नाटकीय भयो। एकातिर बर्दिवासस्थित पानस कटेज होटेलमा नयाँ मुख्यमन्त्रीको शपथग्रहण भयो भने अहिले अर्कोतिर जनकपुर को मधेश भवन वरिपरि धुवाँ र नाराबाजीको ध्वनि घन्किरहे छ। संविधानको धारा १६८(३) बमोजिम नेकपा (एमाले)का सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको कदमले मधेसमा राजनीतिक तापमान अचानक बढाएको छ। विरोधको आगो मधेश भवनमै नवनियुक्त मुख्यमन्त्री मधेश भवन आउने खबर फैलिनासाथ कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोसपा, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीका कार्यकर्ताहरू गेट अगाडि जम्मा भएर टायर जलाउदै विरोधमा उत्रेका छन्, विरोधका नाराहरू गुन्जिरहेका छन् – "संविधानको हत्या गर्न पाइदैन," "संघीयता मास्न पाइदैन " र "प्रदेश प्रमुख राजीनामा दे"।

विरोधले उग्र रूप लिएपछि प्रदेश प्रमुख र मुख्यमन्त्री कार्यकक्षमा तोडफोड समेत भएको छ । मन्त्रालयहरूमा तालाबन्दी गरेर सात दलका नेता कार्यकर्ताले "संविधानको अपमान सहिँदैन" भन्दै आक्रोश पोख्दैछन् ।

### प्रदेश प्रमुखको कदमः संवैधानिक कि विवादास्पद ?

कार्तिक २२ गते तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत नलिइकन राजीनामा दिएपछि सात दलले संविधानको धारा १६८(२) अनुसार नयाँ सरकार गठनको दाबी प्रदेश प्रमुखसमक्ष बुझाएका थिए।

तर भण्डारीले सोमबार बिहान जनकपुर होइन, बर्दिवासस्थित होटलमा पुगेर एमाले संसदीय दलका नेता सरोज यादवलाई मुख्यमन्त्री नियुक्त मात्र होइन, त्यहीँ शपथ समेत गराउनुभयो । त्यसपछि एमाले, राप्रपा र संघीय समाजवादीलाई समेट्दै नयाँ मन्त्रिपरिषद् घोषणा गरियो।

यही 'होटल शपथग्रहण' अहिलेको राजनीतिक बिस्फोटको केन्द्र बनेको छ।

### "संविधानमाथि खेलबाड भयो" – विपक्षी दलहरू

नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवको भनाइमा, "प्रदेश प्रमुखले एमालेको इशारामा संविधान र संघीयता दुवैको अपमान गर्नुभएको हो।"

उहाँले थप्नुभयो, "मधेश भवन छोडेर होटेलमा शपथ गराउनु भनेको संघीयताको हृदयमा गोली हान्नु हो।"


जसपा केन्द्रीय सचिव

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प



फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश सरकार गठन विरुद्ध सर्वोच्चमा दुई रिट दायर





**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

जनकपुरधाम । मधेश प्रदेश सरकार गठनविरुद्ध सर्वोच्चमा अर्को पनि रिट दायर भएको छ ।
कानुनका विद्यार्थी अर्जुन शाहले सोमबार अर्को रिट दायर गरेका हुन् ।
प्रदेश प्रमुखले संविधान विपरीत मुख्यमन्त्री नियुक्त गरेको भन्दै उक्त नियुक्ति बदरको माग राखेर शाहले रिट दायर गरेका हुन् । नेपालको संविधानको धारा १३३ बमोजिम उत्प्रेषण रिट जारी गरी मधेश प्रदेश प्रमुखद्वारा गरिएको मुख्यमन्त्री नियुक्ति बदर गरी संवैधानिक प्रक्रिया अनुसार पुनः सरकार गठनको प्रक्रिया अघ बढाउन उनले माग गरेका छन् ।
यसअघि आजै मधेश सरकार गठनविरुद्ध रक्कीप्रसाद साह र सुजित यादवले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।
उनीहरूले मधेश प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय र मधेश प्रदेश सभालाई विपक्षी बनाएर रिट दायर गरेका हुन् ।
'सरकार गठन प्रक्रियाका लागि संविधानको धारा १६८ को उपधारा २ जीवित हुँदाहुँदै पनि प्रदेश प्रमुख सुमीत्रा सुवेदी भण्डारीले कानुन नै मिचेर धारा १६८ को उपधारा ३ मा टेकेर सरकार गठन गरेको विषयमा त्यसको बर्खीलाप रिट निवेदन दायर गरेको हो,' रक्कीप्रसाद साहले भने .
उनले यस विषयमा सर्वोच्च अदालतले सकारात्मक र संविधान रक्षाको निर्णय गर्नेमा आफूहरू आशावादी रहेको बताए।

# सरकार गठन बाध्यात्मक परिस्थिति : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

राजनीतिक रस्साकस्सी र विरोध प्रदर्शनबीच मधेस प्रदेशको नयाँ नेतृत्वका रूपमा जिम्मेवारी सम्हाल्नु भएको मुख्यमन्त्री सरोजकुमार यादवले आफू संविधान, राष्ट्रियता र संघीय लोकतान्त्रिक व्यवस्थाको मर्ममा आघात नपुग्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले सरकार गठन बाध्यात्मक परिस्थितिमा भए पनि आफ्नो कदम पूर्णरूपमा संवैधानिक प्रक्रिया अनुसारै रहेको दावी गर्नुभयो ।
दिनभरी विपक्षी दलहरुको विरोध र प्रदर्शन पश्चात प्रदेश प्रमुखलाई बर्खास्त गरिएको सरकारको निर्णय पछि माहोल शान्त भएपछि साझ मधेस भवन पुग्नु भएको मुख्यमन्त्री यादवले साझ सञ्चारकर्मीहरूसँग कुरा गर्दै भन्नुभयो, "मुख्यमन्त्रीको हैसियतमा संविधान र राष्ट्रियता सुरक्षित राख्दै संघीय लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउने गरी काम गर्ने प्रतिवद्धता जनाउँछु।"
बर्दिवासमा शपथ ग्रहण गरेको विषयमा उहाँले विरोध प्रदर्शन तथा



हिंसा र तनाव टार्नका लागि मात्र त्यहाँ शपथ लिएको स्पष्ट पार्नुभयो। "मधेसका अघिल्ला तीन मुख्यमन्त्रीले पनि प्रदेश प्रमुखको कार्यालय बाहिरै शपथ लिएका थिए। स्थिति थप बिग्रिन नदिई शान्त वातावरणमा जिम्मेवारी प्रारम्भ गर्न मैले जनकपुर बाहिर शपथ लिएको हुँ," उहाँले भन्नुभयो ।
यादवले एमालेले षड्यन्त्र गरेर नभई संविधानले तोकेको विधि र प्रक्रिया अनुसार सरकार गठन गरेको जिकिर गर्नुभयो। उहाँको अनुसार, "प्रदेश प्रमुख बिरामी हुनुभएको र सरकार विहीन अवस्था लामो समय नहोस् भन्ने उद्देश्यले तत्काल शपथ ग्रहण गरिएको हो।"
उहाँले आफ्नो नियुक्ति कात्तिक २३ गते राति नै सम्पन्न भएको उल्लेख गर्दै बिरामी प्रदेश प्रमुखलाई दबाबका कारण नभई संवैधानिक दायित्व पूरा गर्न बाध्य भएर शपथ लिएको बताउनुभयो।
एमालेभित्रको असन्तुष्टिबारे प्रश्न सोधिँदा मुख्यमन्त्री यादवले पार्टीभित्र संविधानको धारा १६८( ३) अनुसार सरकार गठनको विषयमा औपचारिक छलफल नभएको स्वीकार गर्नुभयो। उहाँल भन्नुभयो, "हामी कानुनी विज्ञ होइनौं, संविधानले प्रदेश प्रमुखलाई जे भनिएको छ, त्यसैअनुसार गर्न आग्रह गरेका थियौं।"
कार्यभार सम्हाल्न ढिलाइबारे उहाँले कार्यालय व्यवस्थापनका कारण केही समय लाग्ने बताउँदै भन्नुभयो, "कार्यालय व्यवस्थापनका लागि निर्देशन दिइसकिएको छ। तयारी पूरा भएपछि छिट्टै पूर्ण रूपमा जिम्मेवारी सम्हाल्नेछु।"

# मधेस प्रदेश मुख्यमन्त्री...

शैलेन्द्रप्रसाद साह अझ कडा शैलीमा बोल्नु हुन्छ, "होटलमा बनेको सरकार मधेशको अस्मितामाथि प्रहार हो। यस्तो सरकार न त वैधानिक छ न नै नैतिक।"

**"द्वन्द्व सृजना हुने कार्यशैली" – जितेन्द्र सोनल**

निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले पनि भण्डारीको निर्णयमाथि कडा आपत्ति जनाउनु भएको छ ।
"उहाँले जे गर्नुभयो, त्यसले संविधान र संघीयतामाथि नै प्रश्न उठायो," सोनल भन्नुहुन्छ, "यदि उपधारा ३ अन्तर्गत नै सरकार बनाउन चाहन्थिन् भने किन हिजो नै भन्न सकिनन्? होटलमा गएर मुख्यमन्त्री बनाउने खेल किन?"
सोनलका अनुसार यो कदमले मधेशमा राजनीतिक द्वन्द्वको नयाँ अध्याय खोल्ने संकेत दिएको छ।
मधेशमा संघीयताको परीक्षा
सडकमा धुवाँ उठिरहेको छ, मुख्यमन्त्री कार्यालय सहित मन्त्रालय मा तालाबन्दी छ, र प्रदेशको कार्यपालिका दुई धारमा बाँडिएको छ।
एकातिर नयाँ मुख्यमन्त्री सरोज यादव आफ्नो कार्यसूची तय गर्न खोजिरहेका छन्, अर्कातिर सात दलहरू "संविधान र मधेशको सम्मान बचाउने नाममा" सडकमा छन्।
विश्लेषकहरू भन्छन्, यो केवल सत्ताको संघर्ष होइन – यो संघीयता र लोकतान्त्रिक मूल्यको लिटमस टेस्ट हो।
मधेशले फेरि एक पटक देख्दैछ – अधिकारका लागि आन्दोलन गर्न जन्मेको यो भूमिले शासनका नाममा उत्पन्न विवादलाई कसरी बोक्ने?
**अन्ततः प्रश्न एउटै छ :** मधेशको राजनीति होटलमा बन्ने हो कि भवनमा टिकी रहने?

# मधेसमा मुख्यमन्त्री नियुक्तिको विरुद्ध दलहरूको सर्वोच्च जाने

मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्तिको विरोधमा सात राजनीतिक दलले सर्वोच्च अदालतले रिट दायर गर्ने भएका छन्।
सोमबार बिहान बसेको सात दलको बैठकले प्रदेशसभाको बहुमतलाई बेवास्ता गर्दै संविधानविपरीत मुख्यमन्त्री नियुक्ति भएको विरोधमा बहुमत प्रदेशसभा सदस्यहरुको हस्ताक्षरसहित सर्वोच्च अदालतमा रिट निवेदन दिने



निर्णय भएको कांग्रेसका मधेश सभापति एवम् संसदीय दलका नेता कृष्णप्रसाद यादवले जानकारी दिनुयभो
यादवका अनुसार सात दलका बहुमत ७४ जना सांसदको हस्ताक्षरसहित अदालत जाने तयारी भएको हो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ऑखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# स्मार्ट बोर्ड हस्तान्तरणः प्रविधिमार्फत शिक्षाको गुणस्तर सुधारतर्फ कदम



**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (सीडीएएफ) को साझेदारीमा तथा गौशाला नगरपालिकाको समन्वयमा सञ्चालनमा रहेको 'समुन्नति कार्यक्रम' अन्तर्गत गौशाला नगरपालिका-२ स्थित श्री बाल कल्याण आधारभूत विद्यालय, निगौल ठाकुरमा एक थान SMART अन्तर क्रियात्मक बोर्ड हस्तान्तरण गरिएको छ ।

हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नगर प्रमुख डा. दिपेन्द्र महतोले विद्यालयमा दलित समुदायका विद्यार्थीहरूको संख्या बढी भएकोले SMART बोर्ड सोही विद्यालयलाई हस्तान्तरण गर्न समन्वय गरिएको बताए। उनले SMART बोर्डले विद्यार्थीहरूमा सृजनात्मक र अन्तरक्रियात्मक सिकाइमा सहजता ल्याउने विश्वास व्यक्त गर्दै, शिक्षक, विद्यार्थी र अभिभावक सबैले यसको सदुपयोग गर्नुपर्नेमा जोड दिए । साथै, SMART बोर्ड सञ्चालनका लागि आवश्यक पर्ने इन्वर्टरको व्यवस्था नगर पालिका द्वारा मिलाइने पनि उनले स्पष्ट पारे ।

संस्थाका अध्यक्ष नागदेव यादवले चार थान SMART बोर्डको कुल मूल्य रु. १०,७६,१६१.१६ रहेको जानकारी दिँदै, प्रत्येक बोर्डको लागत रु. २,६९,२६२.५४ परेको बताए । उनले बोर्डको नियमित मर्मत, प्रशिक्षण र प्रयोगमा शिक्षक तथा विद्यालय प्रशासनको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गरे ।

यस पहलले विद्यालयमा प्रविधिको पहुँच विस्तार गर्दै विद्यार्थीहरूमा सिकाइप्रति उत्साह, ध्यान केन्द्रित गर्ने क्षमता र सिर्जनात्मकता विकास गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । नगरपालिका र संस्थाले आगामी दिनमा पनि यस्ता सहयोगात्मक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा नगरप्रमुख डा. दिपेन्द्र महतो प्रमुख अतिथि रहनुभएको थियो। साथै, संस्थाका अध्यक्ष नागदेव यादव, नगर पालिका प्रशासन प्रमुख मिश्रिलाल यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम खेलाउन चौधरी, प्रधानाध्यापक जय नारायण महतो, शिक्षक तथा संस्थाका कर्मचारीहरूको समेत उपस्थिती रहेको थियो ।

# मटिहानीमा चार कोठे पक्की विद्यालय भवनको समुद्घाटन



**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत मटिहानी नगरपालिका-८ स्थित श्री राम माध्यमिक विद्यालयमा निर्माण सम्पन्न चार कोठे पक्की भवनको आज एक विशेष समारोहका बीच मटिहानी नगर प्रमुख हरि प्रसाद मंडलले समुद्घाटन गर्नुभएको छ। उक्त भवन निर्माणमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट रु. ४५ लाख र मधेश प्रदेश सरकारको विशेष अनुदानबाट रु. १८ लाख गरी जम्मा रु. ६३ लाख खर्च भएको प्राविधिक दिनेश साहले जानकारी दिनुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख मंडलले शिक्षा क्षेत्रको गुणस्तर सुधार नगरी भविष्यको आधार मजबुत नहुने उल्लेख गर्दै भने, "आधारभूत संरचना निर्माणसँगै सिकाइमा सुधार, विद्यार्थीमैत्री वातावरण र विद्यालयको समग्र विकासमा नगरपालिका प्रतिबद्ध छ। यस्तो भवन निर्माणले विद्यार्थीको सिकाइ सहज बनाउने विश्वास लिएको छु," उहाँले भन्नुभयो। नगर प्रमुखले नगरभित्र जहाँ आवश्यक पर्छ, त्यहाँ शिक्षा पूर्वाधारमा अझ लगानी गरिने प्रतिवद्धता जनाउनुभयो।

समुद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, मटिहानी नगरपालिका वडा नं. ६, ७ र ८ का वडा अध्यक्ष क्रमशः कलीम अंसारी, जितनारायण माझी र रितेश साह, कार्यपालिका सदस्यहरू, वडा नं. ८ का पूर्व वडा अध्यक्ष गणेश प्रसाद साह, लोसपा नेपालका श्याम कुमार मंडल, नेपाली कांग्रेसका बैजनाथ मंडल, नेकपा एमालेका जुगेश्वर खतवे, नेकपा माओवादीका राजकिशोर मंडल, समाजसेवी उमाशंकर साह, महोत्तरी उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष मोहन गुप्ता, उपाध्यक्ष पवन कुमार साह, श्री राजकीय संस्कृत माध्यमिक विद्यालयका प्र.अ. ईश्वरी पौडेल, श्री राम मा.वि. मटिहानीका प्र.अ. श्रीश कुमार मिश्र, समाजसेवी बिन्देश्वर नायक, पूर्व कर्मचारी राम नारायण सहनी, बरुण मंडल, कैलाश ठाकुर, पूर्व शिक्षक राजेश्वर मंडल, बिश्वनाथ यादव, व्यवसायी महेश साह, विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थी तथा स्थानीयहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्थानीय समुदायले भवन निर्माणले विद्यालयको पूर्वाधार सुदृढ हुनाका साथै विद्यार्थीहरूको पठन-पाठनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा व्यक्त गरेका छन्।

# राप्रपाकी एक्लो सांसदलाई मुख्यमन्त्री यादवले बनाए मन्त्री, लिङ्देनद्वारा फिर्ता हुन निर्देशन



**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

मधेस प्रदेशसभामा राप्रपाबाट एक्लो संसद रहेकी कंचन विच्छा मन्त्री बनेकी छन् ।

विवादका बिच सोमबार मुख्यमन्त्री नियुक्त भएका सरोज कुमार यादवले विच्छालाई मन्त्री बनाएका हुन् ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मन्त्रिपरिषद् गठन गर्दा उनको नाम पनि समेटिएको हो । जबकि राप्रपाले यसअघि नै संघ र प्रदेशसभाबाट फिर्ता हुने यसअघि नै निर्णय गरिसकेको थियो ।

सो निर्णयविपरीत एकाधबाहेक राप्रपाका प्रदेशसभा सदस्यहरु हालसम्म पदमै कायम भएका हुन् । यतिमात्रै होइन अहिले आएर मधेस प्रदेशमा राप्रपाका सांसद मन्त्री समेत भएकी हुन् ।

यसैबीच राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले मधेस प्रदेश सरकारमा राप्रपाको सहभागीताप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । उनले यो कार्य अनुशासनको गम्भीर उल्लंघन भएको टिप्पणी गर्दै राप्रपाका सदस्यलाई तत्काल सरकारबाट फिर्ता हुन निर्देशन दिएका छन् ।

अन्यथा विधान बमोजिम कारवाही हुने उनले सामाजिक सञ्जाल फेसबुकमार्फत बताएका छन् ।

# मधेश सरकार गठनप्रति एमालेभित्रै असन्तुष्टि

**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

मधेशमा ठूलो दलको हैसियतमा संविधानको धारा १६८ (३) बमोजिम सरकार गठन भएकोमा एमाले भित्रै असन्तोष देखिएको छ ।

आज बिहान उपचारका लागि भन्दै निस्केकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बर्दिबास नगरपालिका-३ स्थित पानस होटेलमा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री पद तथा गोपनीयताको शपथ ग्रहण गराएकी थिइन् । यस विषयमा एमालेकै कतिपय सांसद बेखबर छन् ।

दलभित्र संविधानको १६८ को उपधारा २ अनुसार सरकार गठनको सम्भावना जीवितै रहेकाले ३ मा नजान दलका नेता यादवलाई प्रमुख सचेतक हरि नारायण महतोले सचेत समेत गराएका थिए । तर संविधानको १६८ को उपधारा ३ बमोजिम नै एमाले नेता यादव मुख्यमन्त्री नियुक्त भएपछि प्रमुख सचेतक महतोले 'नहुनुपर्ने घटना' भएको प्रतिक्रिया दिए ।

'मैले हिजो नै दलका नेता यादवलाई भेटेर स्पष्टरुपमा भनेको थिएँ- उपधारा ३ मा जानका लागि दबाब नदिनुस्, गल्ती काम नगर्नुस् । उपधारा २ अनुसार नै अगाडि बढ्नुस्,' प्रमुख सचेतक महतोले अनलाइनखबरसँग भने, 'तर यिनीहरुले भित्रभित्रै षड्यन्त्र गरेर, के कहाँबाट परिचालित भएर, हामीलाई कुनै जानकारी नगराई राति साढे ४ बजे बर्दिबास कालापानीको पानस होटेलमा गएर सपथ लिए ।'

यस घटनाबारे प्रदेशमा अधिकांश सांसदहरु अनभिज्ञ र



हेको उनको भनाइ छ । यसबारे दलमा छलफल गर्ने उनले बताए । 'यो घटनाबारे ४/५ जना माननीयजी बाहेक अरु कसैलाई जानकारी छैन । अब यस घटनबारे दलमा बसेर छलफल गर्छौं,' उनले भने ।

मधेश प्रदेश सभामा एमालेका सभामुखसहित २५ सांसद छन् । जसमा एकजना निलम्वित छन् ।

नेपाली कांग्रेसले पनि मधेश प्रदेशमा सबैभन्दा ठूलो दलको हैसियतमा एमाले संसदीय दलका नेता सरोज कुमार यादव मुख्यमन्त्री नियुक्त भएको घटनालाई 'निन्दनीय' भनेको छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# “आगोमा बसालेको चिया नउम्लिदै यादव मुख्यमन्त्री नियुक्त भएर पनि सपथ खाइसकेको रछ”





**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, बर्दिवास**

बर्दिवासको जुन रेष्टुरेण्टमा पुगेर यादवलाई मुख्यन्त्री नियुक्त गरी सपथ खुवाएकी थिइन्,उक्त रेष्टुरेण्टका सञ्चालक रोशनकुमार कार्कीले आजसम्म ‘यति चाँडो काम तमाम भएको’ नदेखेको बताएका छन् । उनले आगोमा बसालेको चिया नउम्लिदै यादव मुख्यमन्त्री नियुक्त भएर पनि सपथ खाइसकेको बताए ।

कार्कीका अनुसार पानस रेष्टुरेण्ट बर्दिवास बजारभन्दा करिब १० किलोमिटर माथि पर्छ । सोमवार बिहान रेष्टुरेण्टमा प्रदेश प्रमुख, पूर्व मन्त्री र माननीयहरु आउलान् भनेर आफूले कल्पना समेत नगरेको उनको भनाई छ । ‘बिहान ४ बजेतिर मलाई तीन नम्बर वडाध्यक्ष (विराटकुमार विष्ट)ज्यूले कल गरेर दुई चार जना मान्छे आउँदैछन्,ढोका खोलिदिनुपर्यो भन्नुभयो’, कार्कीले सुनाए, ‘मैले यति बिहान त स्टाफ छैनन् भनें,तर उहाँले चिया मात्रै खाने हो, त्यसपति निस्किहाल्छौं भन्नुभयो, मैले नि हुन्छ भनें।’

त्यसको १० मिनेटपछि वडाध्यक्ष विष्टसहित केही नेता रेष्टुरेण्ट पुगेका थिए । र, १५ मिनेटसम्म त्यहाँ एकाएक १८ वटा गाडी र ७० भन्दा बढी नेता तथा कार्यकर्ता पुगिसकेका थिए । ‘मैले त सुरुमा बढीमा आए १०/१५ जना आउलान् भन्ने सोचेको थिएँ, तर एकैछिनमा धमाधम गाडी आए’, उनले अघि भने, ‘मैले त्यत्रो मान्छेलाई कुर्सी दिन सकिन, आफै कुर्सी तानेर बस्नुभयो ।’

वडाध्यक्ष विष्टले ‘कालो चिया बनाउनुस्’ भनेपछि आफू भान्सामा छिरेको कार्की बताउँछन् । ‘मैले भित्र गएर डेक्चीमा चिया बसालें,आगो दन्काएँ, १५ मिनेटपछि बाहिर आउँदा मुख्यमन्त्री नियुक्त भएर पनि सपथ सक्किसकेछ, तीन मन्त्री पनि नियुक्त भइसकेछन्, काम तमाम हुन १५ मिनेट पनि लागेन’, उनको अनुभव छ।

एमाले नेताहरुले पहिल्यैदेखि मुख्यमन्त्री नियुक्तिको लागि योजना बनाएर रेष्टुरेण्टमा आएको कार्कीको बुझाई छ । ‘सपथ खुवाउँदा त विभिन्न विशिष्ट व्यक्तिलाई बोलाएको देखेको थिएँ, तर बिहान यति चाँडो भयो कि मैले जीवनमा १५ मिनेटमा सरकार गठन भएर पनि सपथ लिएको देखेको थिइनँ, अहिले पनि फिल्म जस्तो लागिर हेको छ’, उनले थपे ।

रेष्टुरेण्टमा चियाको बिल ४५ सय आएको र उक्त रकम वडाध्यक्ष विष्टले नै भुक्तानी गर`को पनि कार्कीले बताए । ‘’अचम्मै भो,सुरुमा मैले मुख्यमन्त्री नियुक्त हुँदैछ, सपथ हुँदैछ भनेर कुनै भेउ पाएको थिइन, चिया लिएर बाहिर आउँदा पो थाहा पाएँ, त्यतिबेला सबै सक्किसकेको थियो’, उनले सुनाए ।

# मधेस प्रदेश प्रमुख भण्डारी पदमुक्त, सुरेन्द्र लाभ सिफारिस





**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, बर्दिवास**

सरकारले मधेस प्रदेशका प्रमुख समित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदिश खरेलले जानकारी दिए। उनका अनुसार मधेस प्रदेशको प्रदेश प्रमुखमा सुरेन्द्र लाभ कर्णलाई नियुक्तिका लागि र ाष्ट्रपति समक्ष सिफरिस गरिएको छ।

नेकपा एमालेको मधेस प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरी सपथ खुवाएपछि प्रदेश प्रमुख भण्डारी विवादमा तानिएकी थिइन्। मधेसवादी दलहरूले भण्डारीलाई बर्खास्त गर्न माग गरेका थिए।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

औरही नगरपालिका, महोत्तरी



## कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**

**साथै होम डेलिभरीको सूविधा छ।**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,